शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको
मिति २०७६।११।१८ (माननीय मन्त्रीस्तर) मा स्वीकृत

# शिक्षासँगै कमाई कार्यक्रम सञ्चालन कार्यविधि २०७६

**प्रस्तावना** : प्राविधिक शिक्षालयमा सञ्चालित प्रशिक्षण तथा सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक धारका शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि हुने गरी प्रशिक्षार्थीलाई कार्यस्थलको अनुभव दिलाउन , उपलब्ध औजार, उपकरण लगायत भौतिक पूर्वाधारलाई अधिकतम उपयोगमा ल्याउन र पाठ्यक्रममा आधारित सिकाइ उत्पादनसँग जोड्न प्रस्तावित शिक्षासँगै कमाई कार्यक्रममा अभिप्रेरित गर्न शैक्षिक संस्थालाई उत्प्रेरणा दिने कार्यक्रमलाई सरल, सहज, प्रभावकारी र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "शिक्षासँगै कमाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले पाठ्यक्रममा आधारित भएर प्रदान गरिने शिक्षासँगै कमाई कार्यक्रम सम्झनु पर्छ

(ग) "केन्द्र भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

(ज) ''विद्यालय'' भन्नाले प्राविधिक धार सञ्चालन गर्ने सामुदायिक विद्यालय र परिषद्का आंगिक शिक्षालयलाई जनाउँछ। सो शब्दले परिषद्का साझेदारी , टेक्स छनोट गर्ने सामुदायिक विद्यालय तथा शिक्षा र उत्पादनका क्षेत्रमा उदाहरण प्रस्तुत गरेका समुदायमा आधारित विद्यालयलाई समेत जनाउँछ ।

३. **उद्देश्य**: (१) कार्यक्रमको प्रमुख उद्देश्य शिक्षालाई उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु रहेको छ ।

(२) कार्यक्रमका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) नियमित प्रशिक्षणको क्रममा नै कार्यस्थलको अनुभव दिलाउने गरी विद्यालयको आवश्यकताका आधारमा पूर्वाधार निर्माणका लागि सहयोग गर्ने,

(ख) विद्यालयमा उत्पादन तथा सेवा इकाइको स्थापना गर्न सहयोग गर्ने र सो इकाइलाई प्रशिक्षक एवं प्रशिक्षार्थीको सहभागितामा सञ्चालन गरी आय आर्जनको स्रोतको रुपमा स्थापित गर्ने,

(ग) पाठ्यक्रममा आधारित भइ सिकाइसँगै वस्तु तथा सेवाको उत्पादनमा प्रशिक्षार्थीहरुलाई संलग्न गराइ श्रमप्रति सचेतना अभिप्रेरित गर्दै स्वरोजगारी र उद्यमशिलतालाई प्रोत्साहित गर्ने,

(घ) प्रशिक्षण कार्य एवं प्रयोगात्मक अभ्यासका लागि विद्यालयमा उपलव्ध औजार , उपकरण लगायत अन्य भौतिक पूर्वाधारको उपयोग गर्ने,

४. **निर्देशक समिति** : (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन, सहजीकरण एवम् समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य-सचिव, परिषद् - सदस्य

(ग) महानिर्देशक, केन्द्र -सदस्य

(घ) राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्कील्स कार्यक्रम - सदस्य

(ङ) मन्त्रालयले तोकेको प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम विज्ञ एक जना - सदस्य

(च) अध्यक्ष, साना तथा घरेलु महासंघ -सदस्य

(छ) दफा १० बमोजिमको प्राविधिक समितिको संयोजक -सदस्य

(ज) विद्यालयका प्रधानाध्यापकहरुमध्ये मन्त्रालयले तोकेको एक जना - सदस्य

(झ) सहसचिव,प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन तथा सहजीकरण गर्ने,

(ख) स्वीकृत मापदण्ड अन्तर्गत विद्यालय छनोट तथा अनुदान रकम निर्धारण गर्ने विषयमा निर्णय लिने,

(ग) कार्यक्रम कार्यान्वयनको मापदण्ड तर्जुमा गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने,

(ङ) आवश्यकता अनुरुप कार्यक्रमको नतिजामूलक अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने ।

६. **अनुदान पाउन सक्ने** : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको लगानी वा व्यवस्थापनमा सञ्चालन भएका दफा २ (ज) बमोजिमको विद्यालयले पेश गरेको प्रस्ताव मूल्याङ्कनको आधारमा अनुदान पाउन सक्नेछन् ।

७. **अनुदान उपलब्ध गराउने** : (१) दफा ८ बमोजिम छनोट भएका विद्यालयलाई पेश गरेको प्रस्ताव र आवश्यकताका आधारमा देहाय बमोजिमको शीर्षकमा खर्च हुने गरी एकमुष्ठ सशर्त अनुदान उपलब्ध गराइनेछ :-

(क) उत्पादन तथा सेवा इकाइ सञ्चालनका लागि विद्यालयको स्वामित्वको जग्गामा अस्थायी प्रकृतिको संरचना तयार गर्न,

(ख) उत्पादन तथा सेवा इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य समान खरिद गर्न र कार्यस्थलसँग सम्बन्धित ल्याव स्थापना गर्न,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान दिइने छैन ।

(३) अनुदानको अधिकतम सीमा देहाय बमोजिम हुनेछ :-

| क्र. सं. | ट्रेड (विषय क्षेत्र) | अनुदानको अधिकतम सीमा |
|---|---|---|
| १. | (क) इन्जिनियरिङ्ग (वस्तु उत्पादनमूलक इकाई) मेकानिकल, बायोमेडिकल इक्यूप्मेन्ट इन्जिनियरिङ्ग आदि | पचास लाख रुपैयाँ |
| | (ख) इन्जिनियरिङ्ग (सेवामूलक इकाई) आर्किटेक्चर, सिभिल, इलेक्ट्रिकल, अटोमोवाइल आदि | बीस लाख रुपैयाँ |
| २. | कृषि तथा वन (पशुपालन, वाली विज्ञान तथा वन) | तीस लाख रुपैयाँ |
| ३. | स्वास्थ्य सेवा (नर्सिङ्ग, जनरल मेडिसिन , ल्याब टेक्नोलोजी आदि) | दश लाख रुपैयाँ |
| ४. | (क) हस्पिटालिटी : पर्यटन तथा होटल म्यानेजमेण्ट, कुलिनरी आर्ट आदि | बीस लाख रुपैयाँ |
| | (ख) अन्य सेवाः (सेक्रेटरियल मेनेजमेण्ट, इन्टरप्रेनरसिप डेभलपमेन्ट, अफिस मेनेजमेन्ट समेत) | दश लाख रुपैयाँ |

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि,-

(क) "वस्तु उत्पादनमूलक इकाई" भन्नाले कच्चा पदार्थको प्रयोग गरी देखिने गरी वस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "सेवामूलक इकाई" भन्नाले कच्चा पदार्थको प्रयोग विना नै व्यक्तिले ज्ञान , सीप र अनुभवका आधारमा वस्तु उत्पादन बाहेकका अन्य सेवाप्रदान गर्ने कार्य सम्झनु पर्छ ।

(४) उपदफा (३) बमोजिम ट्रेड अन्तर्गत रहने विषय वा कार्यक्रम अनुसूची-१ बमोजिम हुनेछ ।

(५) विद्यालयलबाट सञ्चालित कार्यक्रमबा ट अघिल्लो शैक्षिक सत्रमा भएको कुल आम्दानीको पचास प्रतिशतले हुन आउने रकम वा पाँच लाख रुपैयाँ मध्ये जुन कम हुन्छ , सोही बराबरको थप रकम प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउन सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिको निर्णय बमोजिम कार्यक्रममा छुटयाइएको बजेटबाट कार्यस्थलको सिकाइ सञ्चालन गर्न सकिनेछ ।

८. **विद्यालय छनोट प्रक्रिया** : कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउने प्रयोजनका लागि विद्यालयको छनोट गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछ :-

(क) राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई अनुदानका लागि योग्य विद्यालयहरूबाट अनुसूची–२ बमोजिमको ढाँचामा प्रस्ताव सहित आवेदन माग गर्ने,

(ख) आवेदक विद्यालयहरूबाट रीतपूर्वक प्राप्त भएका प्रस्तावहरूलाई अनुसूची–३ मा उल्लिखित मापदण्डका आधारमा प्राविधिक समितिबाट मूल्याङ्कन गराई मूल्याङ्कन प्रतिवेदन प्राप्त गर्ने,

(ग) खण्ड (ख) बमोजिमको मूल्याङ्कन प्रतिवेदनका आधारमा सबै प्रदेश, भौगोलिक क्षेत्र र ट्रेड समेटिने गरी विद्यालयहरूको छनोट गर्ने ।

९. **अनुदान रकम निर्धारण** :(१) विद्यालयको लागि प्रदान गरिने अनुदान रकमको निर्धारण गर्दा सञ्चालन गरेको ट्रेडको प्रकृति तथा सङ्ख्या, प्रशिक्षार्थी सङ्ख्या, प्रस्तावमा उल्लेख भए बमोजिम विद्यालयको आवश्यकता र उपलब्ध रकम सदुपयोग हुने सम्भावनालाई आधार लिइनेछ ।

(२) मन्त्रालयले दफा ७ को उपदफा (३) र (५) बमोजिमको अधिकतम सीमामा नबढ्ने गरी प्राविधिक समितिबाट भएको मूल्याङ्कनका आधारमा अनुदान रकमको निर्धारण गर्नेछ ।

१०. **प्राविधिक समिति** : (१) अनुदानको लागि पेश हुन आएका प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन गर्न र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि परिषद्‌मा एक प्राविधिक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) निर्देशक, परिषद्‌को सदस्य सचिवले तोकेको - संयोजक

(ख) उपसचिव, निजी तथा सहकारी संघ संस्था समन्वय शाखा, मन्त्रालय - सदस्य

(ग) निर्देशक, (प्राविधिक शिक्षा हेर्ने) केन्द्र - सदस्य

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम विज्ञहरूमध्ये समितिले तोकेको दुई जना - सदस्य

(ङ) उपसचिव, (लेखा) मन्त्रालय - सदस्य

(च) उपनिर्देशक, प्राविधिक महाशाखा, परिषद् - सदस्य-सचिव

(३) प्राविधिक समितिको बैठकमा आ वश्यकता अनुसार सरोकारवाला निकाय का प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्राविधिक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) प्राविधिक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) प्राविधिक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाबाट प्राप्त प्रस्तावको मूल्याङ्कन गरी स्वीकृत मापदण्डका आधारमा विद्यालय छनोटको प्रक्रिया अगाडि बढाउने,

(ख) आवेदक विद्यालयले पेश गरेका प्रस्तावको अनुसूची–३ बमोजिमको मापदण्डका आधारमा मूल्याङ्कन गरी आवश्यक सङ्ख्यामा विद्यालयहरु छनोट गर्न समिति समक्ष सिफारिस गर्ने,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले तोकेको अनुगमन योजना बमोजिम आवधिक रुपमा अनुगमन गर्ने,

(घ) छनोट भएका विद्यालयहरुलाई प्राप्त हुने गरी स्थानीय तहमा बजेट निकासाको अवस्था हेरी आवश्यक सहजीकरण गर्ने,

(ङ) समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(२) प्राविधिक समितिले कुनै विषेश कार्य सञ्चालनका लागि निश्चित जिम्मेवारी सहित उपसमिति वा स्थलगत अध्ययन टोली गठन गरी कार्य गर्न सक्नेछ ।

**१२. <u>मन्त्रालयको भूमिका</u>** : कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) विद्यालय छनोट र बजेट बाँडफाँड सम्बन्धी कार्य गर्ने,

(ख) छनोट भएका विद्यालयलाई पठाउने अनुदान रकम निश्चित गरी अनुदान उपलब्ध गराउन स्थानीय तहमार्फत बजेट र कार्यक्रम हस्तान्तरण गर्न अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको मार्गदर्शनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृति, छपाई, वितरण र अभिमुखीकरण गर्ने,

(घ) परिषद्, केन्द्र, अन्तर निकाय र तहसँग समन्वय गर्ने,

(ङ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(च) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि अन्य आवश्यक निर्णय गर्ने ।

**१३. <u>स्थानीय तहको भूमिका</u>** : (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा आवश्यकता अनुसार अन्तर निकायगत समन्वय र बजेट व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) स्थानीय उद्योग वाणिज्य महासंघ लगायत व्यावसायिक संघ संस्थाहरुसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय गर्ने,

(ग) उत्पादनमूलक कार्यमा प्रयोग हुने गरी विद्यालयले निश्चित समयका लागि लिज वा भाडामा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(घ) उत्पादन तथा सेवा इकाइबाट सञ्चालित उत्पादनमूलक व्यावसायका स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले कार्यक्रमको लागि प्रस्तावको आधारमा थप बजेट वा जोडकोषको व्यवस्था गर्न सक्नेछ ।

१४. <u>विद्यालयको भूमिका</u> : तोकिएको ढाँचामा प्रस्ताव पेश गरी कार्यक्रम कार्यान्वयनका लागि छनोट भएको विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको पहलमा गठन भएको व्यावसायिक सिकाइ समूहमा सक्रियताका साथ सहभागी हुने,

(ख) विद्यालयबाट तोकिए बमोजिमको समयमा सिकाइ सँगसँगै उत्पादन तथा सेवा इकाइ वा सोसँग सम्बन्धित गतिविधिमा संलग्न रही सक्रियताका साथ कार्य गर्ने,

(ग) आवश्यकता अनुसार सा मूहिक तथा व्यक्तिगत प्रयोजनका लागि व्यावसायिक योजना बनाई सोही बमोजिम कार्य गर्ने,

(घ) समूह बीच आपसी सल्लाहमा जिम्मेवारी बाँडफाँड गर्ने र आवश्यक जिम्मेवारी बहन गर्ने,

(ङ) स्थानीय उद्योग व्यवसायीसँग अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना सङ्कलन गर्ने,

(च) आ-आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाव राख्ने एवम् सो कार्यका लागि सहयोग गर्ने,

(छ) परियोजना कार्यमा सक्रियता साथ भाग लिने ।

(ज) कार्यक्रमसँग सम्बन्धित प्रतिवेदन तयार गर्ने ।

१५. <u>विद्यालय व्यवस्थापन समितिको भूमिका</u> : कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा अनुसूची-४ बमोजिमको उत्पादन तथा सेवा इकाइ स्थापना गर्ने,

(ख) खण्ड (क) बमोजिमको इकाइ गठन गरी निश्चित जिम्मेवारी सहित ट्रेड प्रमुख मध्येबाट एक जनालाई उत्पादन तथा सेवा इकाइ प्रमुख तोक्ने र आवश्यकता अनुसार निश्चित जिम्मेवारी सहित बजार प्रमुख र उत्पादन प्रमुख तोक्न सक्ने,

(ग) वस्तु तथा सेवा उत्पादनका लागि स्थानीय उद्योग व्यवसायीहरुसँग अन्तरक्रियाका लागि समन्वय एवम् पहल गर्ने,

(घ) स्थानीय तह र सो क्षेत्रमा रहेका अन्य निकायहरुसँग सहयोगका लागि समन्वय गर्ने,

(ङ) उत्पादन तथा सेवा इकाइमा भएका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने , आवश्यक राय, सल्लाह र सुझाव दिने,

(च) उत्पादन तथा सेवा इकाई सञ्चालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,

(छ) स्थानीय तहमा प्रगति प्रतिवेदन पेश गर्ने ।

१६. **प्रशिक्षकको भूमिका** : कार्यक्रम सञ्चालन भएका विद्यालयको प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) आफ्नो विषयमा सिकाइलाई उत्पादनसँग जोड्ने गरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धिका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी कार्य गर्ने, गराउने,

(ख) पाठ्यक्रमसँग सम्बन्धित हुने गरी परियोजना कार्यहरु गर्ने, गराउने,

(ग) विद्यालय बाट निर्धारण गरेको समयमा उत्पादन तथा सेवा इकाइमा रही कार्य गर्ने,

(घ) प्रशिक्षार्थीहरुलाई व्यावसायिक बनाउन सहयोग एवम् सहजीकरण गर्ने,

(ङ) प्रशिक्षार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(च) विद्यालय व्यवस्थापनले तोकी दिएको अन्य कार्य गर्ने ।

१७. **प्रशिक्षार्थीको भूमिका** : कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको पहलमा गठन भएको व्यावसायिक सिकाइ समूहमा सक्रियताका साथ सहभागी हुने,

(ख) विद्यालयबाट तोकिए बमोजिमको समयमा सिकाइसँगै उत्पादन तथा सेवा इकाइ वा सो सँग सम्बन्धित गतिविधिमा संलग्न रही सक्रियताका साथ कार्य गर्ने,

(ग) आवश्यकता अनुसार सा मूहिक तथा व्यक्तिगत प्रयोजनका लागि व्यावसायिक योजना बनाई सोही बमोजिम कार्य गर्ने,

(घ) समूह बीच आपसी सल्लाहमा जिम्मेवारी बाँडफाँड गर्ने र आवश्यक जिम्मेवारी बहन गर्ने,

(ङ) स्थानीय उद्योग व्यावसायीसँग अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्वन्धी सूचना सङ्कलन गर्ने,

(च) आ-आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाव राख्ने एवम् सो कार्यका लागि सहयोग गर्ने,

(छ) परियोजना कार्यमा सक्रियता साथ भाग लिने ।

१८. **उत्पादन तथा सेवा इकाई** : विद्यालयले अनुसूची-४ बमोजिम उत्पादन तथा सेवा इकाईको स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

१९. **कार्यक्रमबाट खर्च हुने** : कार्यक्रममा विनियोजन भएको बजेटबाट कार्यक्रम सञ्चालन कार्यविधि निर्माण, समिति र प्राविधिक समितिको बैठक सञ्चालन, विद्यालय छनोट, राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन लेखन कार्यमा खर्च गर्न सकिनेछ ।

२०. **वस्तु तथा सेवाको बिक्री मूल्य निर्धारण** : उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी वस्तुको स्थानीय उद्योग , व्यावसाय र उत्पादकसँगको समन्वयमा ब्रान्डिङ, बजारीकरण र मूल्यनिर्धारण गर्न सकिनेछ ।

२१. **भण्डारण गर्नु पर्ने** : विद्यालयले उत्पादन तथा सेवा इकाइबाट उत्पादित वस्तुहरुको गुणस्तरमा असर नपुग्ने गरी सुरक्षित भण्डारण गर्नु पर्नेछ ।

२२. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समिति र स्थानीय तहको हुनेछ ।

(२) मन्त्रालय, परिषद् र केन्द्रले समय समयमा अनुगमन गर्न सक्नेछन् ।

(३) प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(४) इकाइले मन्त्रालय र केन्द्रले तोके बमोजिम अनुगमन गर्नु पर्नेछ ।

२३. **प्रतिवेदन पेश गर्नु पर्ने** : (१) विद्यालयले कार्यक्रमको वित्तीय तथा भौतिक प्रगतिको चौमासिक विवरण स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहले कार्यक्रम कार्यान्वयनको वित्तीय एवम् भौतिक प्रगति विवरण सम्बन्धित विद्यालयबाट प्राप्त गरी उपलब्धि समीक्षा तथा राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) इकाइले मन्त्रालय र केन्द्रले तोके बमोजिम अनुगमन गरी राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) विद्यालयले निर्धारित ढाँचामा कार्य सम्पन्न प्रतिवेदन र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित इकाईमार्फत केन्द्र वा परिषदमा पठाउनु पर्नेछ । केन्द्र वा परिषद्ले एकीकृत प्रतिवेदन तयार गरी संस्थागत राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) स्थानीय तह , प्रदेश सामाजिक विकास मन्त्रालय , परिषद् र केन्द्रको राय सहित प्राप्त विवरणको आधारमा मन्त्रालयले एकीकृत वार्षिक प्रतिवेदन तयार गरी सावर्जनिक गर्नेछ ।

२४. **सामाजिक परीक्षण** : (१) कार्यक्रमको कार्य सम्पन्न भएपछि विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

२५. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

# अनुसूची-१

## (दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## ट्रेडको विषय र कार्यक्रम

| डिप्लोमा तथा प्रविणता प्रमाण पत्र तह | | प्राविधिक एसएलसी तह | प्राविधिक धार तर्फका |
|---|---|---|---|
| **स्वास्थ्य समुहका कार्यक्रमहरु** | | | |
| १ | प्रविणता प्रमाण पत्र तह नर्सिङ्ग | प्राविधिक एसएलसी इन कम्यूनिटी मेडिकल असिस्टेण्ट | |
| २ | प्रविणता प्रमाण पत्र तह नेत्रविज्ञान (अप्थाल्मिक साइन्स) | प्राविधिक एसएलसी इन अक्जुलरी नर्स मिडवाफरी | |
| ३ | प्रमाणपत्र तह सामान्य चिकित्सा | प्राविधिक एसएलसी इन मेडिकल ल्यावरेटोरी असिष्टेनट | |
| ४ | प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | प्राविधिक एसएलसी इन आयुर्वेद सहायक | |
| ५ | डिप्लोमा इन फार्मेसी | प्राविधिक एसएलसी इन आम्चि | |
| ६ | प्रमाणपत्र तह डायाग्नोष्टिक रेडियोग्राफी | प्राविधिक एसएलसी इन अकुपंचर अकुप्रेसर एण्ड मोक्सिविसन | |
| ७ | प्रमाणपत्र तह दन्त विज्ञान (Dental Science) | | |
| ८ | प्रमाणपत्र तह सामान्य आयुर्वेद चिकित्सा | | |
| ९ | प्रमाण पत्र तह अक्कुपन्चर र अकुप्रेसर | | |
| १० | डिप्लोमा इन फिजियोथेरापी | | |
| ११ | डिप्लोमा इन होमियोप्याथी | | |
| **इन्जिनियरिङ्ग समुहका कार्यक्रमहरु** | | | |
| १ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन सिभिल इन्जिनियरिङ्ग | सिभिल इन्जिनियरिङ्ग (प्राविधिक धार) |
| २ | डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन कम्प्यूटर इन्जिनियरिङ्ग | कम्प्यूटर इन्जिनियरिङ्ग (प्राविधिक धार) |
| ३ | डिप्लोमा इन इलेक्टोनिक्स इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन इलेक्टोनिक्स इन्जिनियरिङ्ग | इलेक्टिकल इन्जिनियरिङ्ग (प्राविधिक धार) |
| ४ | डिप्लोमा इन इलेक्टिकल इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन इलेक्टिकल इन्जिनियरिङ्ग | |
| ५ | डिप्लोमा इन जिओम्याटिक्स इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन सर्वे इन्जिनियरिङ्ग (अमीन ) | |
| ६ | डिप्लोमा इन हाईडोपावर इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन वाटर सप्लाइ एण्ड सेनिटेशन इन्जिनियरिङ्ग | |
| ७ | डिप्लोमा इन इलेक्टिकल एण्ड इलेक्टोनिक्स इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन मेकानिकल इन्जिनियरिङ्ग | |
| ८ | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन अटोमोवाइल इन्जिनियरिङ्ग | |
| ९ | डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | प्राविधिक एसएलसी इन रेफ्रिजेरेसन एण्ड एअर कण्डिसनिङ्ग इन्जिनियरिङ्ग | |
| १० | डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ्ग इन्जिनियरिङ्ग | | |
| ११ | डिप्लोमा इन वायोमेडिकल इन्जिनियरिङ्ग | | |
| १२ | डिप्लोमा इन रेफ्रिजेरेसन एण्ड एअर कण्डिसनिङ्ग इन्जिनियरिङ्ग | | |
| १३ | सूचना प्रविधि डिप्लोमा | | |
| **कृषि तथा वन विज्ञान समुहका कार्यक्रमहरु** | | | |
| १ | डिप्लोमा इन एग्रिकल्चर (वालि बिज्ञान) | प्राविधिक एसएलसी इन कृषि (वालि बिज्ञान) | कृषि (वालि बिज्ञान) |
| २ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोजोजी | प्राविधिक एसएलसी इन टेक्सटाइल एण्ड सेरिकल्चर | कृषि (पशु बिज्ञान) |
| ३ | डिप्लोमा इन एग्रीकल्चर (पशु बिज्ञान) | प्राविधिक एसएलसी इन कृषि (पशु बिज्ञान) | |
| ४ | डिप्लोमा इन फरेष्टी (बन बिज्ञान) | | |
| **हस्पिटालिटी तथा अन्य सेवा क्षेत्रका कार्यक्रमहरु** | | | |
| १ | डिप्लोमा इन होटल म्यानेजमेन्ट | प्राविधिक एसएलसी इन होटल म्यानेजमेन्ट | संगित तथा कला |
| २ | डिप्लोमा इन इन्टरप्रेनरसिप डेभलपमेन्ट | प्राविधिक एसएलसी इन कुलिनरी आर्ट | |
| ३ | डिप्लोमा इन सोसल वर्कर | प्राविधिक एसएलसी इन इन्टरप्रेनरसिप डेभलपमेन्ट | |
| ४ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | प्राविधिक एसएलसी इन सामाजिक परिचालन वर्कर | |
| ५ | | प्राविधिक एसएलसी इन कम्प्यूटर प्रयोग तथा सचिवालय व्यवस्थापन | |

**अनुसूची-२**

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**<u>शिक्षासँगै कमाइ कार्यक्रममा अनुदान सहयोगको लागि आवेदन फाराम</u>**

## १. विद्यालयको सामान्य जानकारी

विद्यालयको नाम: ..........................................................................................................

विद्यालयको प्रकार: प्राविधिक धार /आङ्गिक शिक्षालय / टेक्स कार्यक्रम सञ्चालित विद्यालय

ठेगाना :

प्रदेश: ........................................ जिल्ला :......................................

स्थानीय तह : ............................... वाड नं. ......................................

टोल : .......................................

फोन नं. : ....................................................................

इमेल: .................................................................... वेव साइट : ....................................................................

स्थापना मिति :......................................................

प्राविधिक शिक्षा सञ्चालन मिति :.................................

## २. पूर्वाधार सम्बन्धी जानकारी

| क स | शिर्षक | उपलव्धताको विवरण* | प्रयोगको अवस्था |
|---|---|---|---|
| १ | जग्गा (प्लट)<br>१.<br>२.<br>३. | इकाइ/ क्षेत्रफल तथा प्रकृति स्पष्ट खुलाउनु पर्नेछ । | |
| २ | भवन<br>१.<br>२.<br>३. | भवन संख्या , भवनको प्रकृति तथा प्रत्येक भवनको कोठा संख्या खुलाउनु पर्ने | |
| ३ | सवारी साधन<br>१.<br>२.<br>३. | सवारी साधनको प्रकार तथा संख्या तथा प्रयोग भएको वर्ष | |
| ४ | गरुङ्गा उपकरणहरु (हेवी इक्विपमेण्ट) | उपकरणको नाम , प्रयोगको | |

| | | | |
|---|---|---|---|
| | १.<br>२.<br>३. | उद्देश्य तथा वार्षिक सालाखाला प्रयोगमा आउने दिन | |
| ५ | | | |
| ६ | अन्य | | |

***द्रष्टव्य** : विवरण अन्तर्गत आवश्यकता अनुसार कोठा थप गर्न सकिनेछ ।

### ३. प्रशिक्षक कर्मचारी सम्बन्धी जानकारी

| क स | नाम | माथिल्लो शैक्षिक योग्यता | प्रशिक्षण कार्यको अनुभव (वर्षमा लेख्ने) | उत्पादन तथा सेवा प्रदान कार्यको अनुभव |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

### ४. प्रशिक्षार्थी (TSEE /SEE प्राविधिक धार) सम्वन्धी जानकारी (पछिल्लो दुई शैक्षिक सत्र लेख्ने)

| क स | ट्रेड/कार्यक्रमको नाम प्राप्त सिट | शैक्षिक सत्र ..... ....... | | | शैक्षिक सत्र ..... ....... | | |
|---|---|---|---|---|---|---|---|
| | | भर्ना | अन्तिम परीक्षामा सहभागी | उत्तीर्ण | भर्ना | अन्तिम परीक्षामा सहभागी | उत्तीर्ण मध्ये जिपिए दुई दशमलव पाँच माथि |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |

**६. देहायमा प्रत्येक शीर्षकहरुमा पाँच सय शब्दमा नबढाइ औचित्य सहितको विवरण प्रस्तुत गर्नुहोला ।**

..........................................................................................................

..........................................................................................................

**(क) विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आय आर्जन गर्न सम्भव देखिएका पेशा तथा उपरोक्त पेशामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूची ।**

.................................................................................................................................................................
..............................................................

**(ख) उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा बिक्रीका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना ।** *(प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार/ उपकरण मध्ये विद्यालयमा उपलव्ध हुने , खरिद गर्नुपर्ने तथा लिजमा लिन सकिने सम्वन्धी खरिद गर्नुपर्ने भए सो अनुमानित लागत समेत खुल्नुपर्ने।*

.................................................................................................................................................................
..............................................................

**(ग) प्रस्तावित वस्तु तथा सेवाको उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण ।** *(प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलव्ध हुने स्थान/प्राप्त गर्ने तरिका, विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रीका लागि गर्नुपर्ने पहलहरु -विद्यालयबाटै बिक्री हुने , बजारसम्म लानुपर्ने वा बजारको लागि बिशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)*

.................................................................................................................................................................
..............................................................

**(घ) उल्लिखित कार्यक्रमका लागि स्थानीय सरकार, स्थानीय समुदाय एवम् अभिमावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय ।**

.................................................................................................................................................................
..............................................................

**७. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहित संङ्क्षिप्त व्यावसायिक कार्य योजना आवेदनका साथ संलग्न राख्नुपर्नेछ ।**

| | |
|---|---|
| नाम : ...................... | नाम : ...................... |
| हस्ताक्षर: ................................. | हस्ताक्षर: ................................. |
| पद : विद्यालय प्रमुख | पद : अध्यक्ष, विद्यालय सञ्चालक समिति |
| मिति: ................................. | मिति: ................................. |

---------------------------------------------------------------------------------------------------------

**<u>संलग्न कागजात:</u>**

(क) स्थानीय तहबाट कार्यक्रमका लागि आवश्यक सहयोगको प्रतिवद्धता तथा स्थानीय तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

(ख) विद्यालय व्यवस्थापन समितिको कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता सहितको निर्णको प्रमाणित प्रतिलिपि,

(ग) कार्यरत प्राविधिक प्रशिक्षकहरुको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र तथा वैयक्तिक विवरणको प्रमाणित प्रतिलिपि,

(घ) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा भोगाधिकार निर्णय वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रमाणित प्रतिलिपि,

(ङ) प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टयाइका लागि चाहिने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि ।

(च) सिकाइ र कमाइ सुनिश्चित गर्ने अरु कुनै कागजात भए सो पेश गर्ने ।

**अनुसूची-३**

(दफा ८ को खण्ड (ख) र दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित

**<u>विद्यालय छनोटको मूल्याङ्कन मापदण्ड</u>**

**१. कार्यसम्पादनसँग सम्बन्धित सूचकहरु** ४०

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. यस अघि शिक्षालाई कमाइसँग जोड्ने कार्यक्रम सञ्चालन वा यस प्रकारको अभ्यास भएको वा नभएको | तीन वर्ष अघि देखि भएको | १० | कम्तीमा एक वर्षदेखि छनोटमा रहेको | ७ | यस अघि छनोट नभएको | ५ |
| २. कार्यशालामा प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन भएको-नभएको | भएको | ५ | नभएको | २ | | |
| ३. प्रशिक्षकहरुको प्रशिक्षण अनुभव | पाँच वर्षभन्दा बढी लगातार अनुभव भएको एकभन्दा बढी प्रशिक्षक भएमा | १० | पाँच वर्षभन्दा बढी लगातार अनुभव भएको एक प्रशिक्षक भएमा | ७ | पाँच वर्षसम्म अनुभव भएमा प्रतिवर्ष एक अंकका दरले बढीमा | ५ |
| ४. सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमहरुमा परीक्षा उत्तीर्ण दर (एसईई प्राविधिक धारको नतिजाको हकमा जिपिए दुई दशमलव पाँचभन्दा माथि लाई यस बुँदाको मूल्याङ्कनका लागि उत्तीर्ण भएको मानिनेछ ।) | साठी प्रतिशत भन्दा बढी उत्तीर्ण | १० | तीस देखि साठी प्रतिशतसम्म उत्तीर्ण | ७ | तीस प्रतिशतभन्दा कम उत्तीर्ण | ४ |
| ५. स्वप्रयासमा वा अनुदान प्राप्त गरी ल्याब र कार्यशाला स्थापना तथा औजार तथा उपकरणको प्रयोगको अवस्था । | ल्याव तथा कार्यशाला स्थापना भई | ५ | ल्याव तथा कार्यशाला स्थापना भई औजार तथा | ३ | ल्याव तथा कार्यशाला स्थापना भए | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | औजार तथा उपकरण दैनिक प्रयोगमा आएको | | उपकरण आंशिक प्रयोगमा आएको | | तापनि प्रयोगमा नआएको | |

**२. पूर्वाधारसँग सम्बन्धित सूचकहरू** **३५**

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. इकाइ सञ्चालनका लागि हालको संरचना अन्तरगत नै अतिरिक्त भवन वा कोठाको उपलब्धताको अवस्था | सहजरुपमा उपलव्ध भई व्यवस्थापन हुने। | १० | कुनै उपायबाट व्यवस्थापन गर्न सकिने। | ७ | थप निर्माण वा भाडामा लिनु पर्ने | ५ |
| २. दरबन्दी वा अनुदान कोटाका प्राविधिक प्रशिक्षकहरुको उपलव्धता | पूर्ण उपलव्धता | ५ | पचहत्तर प्रतिशत उपलब्ध हुने गरेको | ३ | पचहत्तर प्रतिशत भन्दा कम सङ्ख्यामा उपलव्ध हुने गरेको । | २ |
| ३. इकाइ सञ्चालनका लागि आवश्यक औजार तथा उपकरणहरु प्रयोगशाला वा कार्यशालामा विद्यमान रहे नरहेको अवस्था एवम् प्रयोगको सम्भावना | पर्याप्त रुपमा उपलव्ध रहेको | १० | लिजमा लिन सम्भव भएको | ७ | उपलव्धताका लागि चुनौति | ३ |
| ४. स्थानीय तह तथा विद्यालय व्यवस्थापन समिति / विद्यालय सञ्चालक समितिको प्रतिवद्धताको रहे नरहेको | रहेको | ५ | नरहेको | २ | | |
| ५. विगत दुई शैक्षिक सत्रमा प्रशिक्षार्थीहरुको क्षमता बमोजिम भर्ना एवम् सञ्चालनको अवस्था | पूर्ण क्षमतामा प्रशिक्षार्थी भर्ना भइ अध्ययनरत रहेको । | ५ | क्षमताको असी प्रतिशतसम्म भर्ना भई अध्ययनरत रहेको । | ३ | क्षमताको असी प्रतिशतभन्दा कम भर्ना भई अध्ययनरत रहेको | २ |

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | । | |

**३. बजारीकरणसँग सम्बन्धित सूचकहरु** **२०**

| सूचक | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १. उत्पादनको बिक्रीका लागि सम्भाव्य बजारको प्रकार | स्थानीय बजार | १० | राष्ट्रिय बजार | ७ | | |
| २. उत्पादनको बजारीकरणको प्रकृति | इकाइबाट नै बिक्री हुने अवस्था रहेको । | १० | बजारसम्म पुर्या उनु पर्ने र बजारको दुरी कि. मी. | ३ | बजारका लागि विशेष पहल गर्नुपर्ने अवस्था | २ |

**४. आवश्यकतासँग सम्वन्धित सूचकहरु** **५**

| **सूचक** | **सम्पादन सूचक** | **अङ्क** | **सम्पादन सूचक** | **अङ्क** | **सम्पादन सूचक** | **अङ्क** |
|---|---|---|---|---|---|---|
| १ स्थानीय तहमा अध्ययन सुहाउँदो व्यावसायिक क्रियाकलाप सञ्चालन भएको अवस्था। (स्थानीय तहको सिफारिसमा खुल्नुपर्ने) | नभएको | ५ | आंशिक रहेको | ३ | पर्याप्त रहेको | २ |

***<u>द्रष्टव्य</u>*** : सूचक अन्तर्गत उल्लेखित कुनै पनि अवस्था आकर्षित नभएको अवस्थामा शून्य अङ्क दिइनेछ ।

## अनुसूची-४

(दफा १५ को खण्ड (क) र दफा १८ सँग सम्बन्धित)

**<u>उत्पादन तथा सेवा इकाइको स्थापना</u>**

१. अनुदान प्राप्त विद्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उत्पादन तथा सेवा इकाइको स्थापना गर्नेछ । इकाइको संयोजकका रुपमा कार्य गर्ने गरी विद्यालयमा संचालित ट्रेडहरुका ट्रेड प्रमुखहरूमध्येबाट विद्यालय प्रमुखले इकाइ संयोजक तोक्नेछ। इकाइ संयोजकसँगको परामर्शमा संयोजक मातहतमा रहने गरी उत्पादन प्रमुख र बजारीकरण प्रमुख गरी थप दुईजना कर्मचारीलाई नियमित प्रशिक्षण कार्यको अतिरिक्त इकाइ अन्तर्गतको कार्य समेत गर्ने गरी जिम्मेवारी दिइनेछ ।

२. उत्पादन तथा सेवा इकाइको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा सञ्चालित विभिन्न ट्रेडहरुमा प्रशिक्षणको सिलसिलामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाहरुको सूची निर्माण गर्ने,

(ख) विद्यालयका सबै ट्रेड प्रमुखहरुबाट विभिन्न विषयमा, विभिन्न समयमा हुने प्रयोगात्मक अभ्यासको विवरण, त्यस्तो प्रयोगात्मक अभ्यासबाट उत्पादन हुने वस्तु तथा सेवा तथा सो का लागि आवश्यक कच्चा पदार्थको विवरण संकलन गर्ने,

(ग) इकाइबाट उत्पादन गर्न सकिने सम्भावित वस्तु तथा सेवाको बजार मागको संकलन , अध्ययन तथा विश्लेषण गर्ने गराउने,

(घ) बजार माग र उत्पादित वस्तुकाबीच संख्यात्मक एवम् गुणात्मक अन्तर पहिचान गरी आवश्यक स्रोत साधन एवम् जनशक्तिको सूची तयार गर्ने, गराउने,

(ङ) प्रशिक्षणका लागि आवश्यक खर्च , बजारयोग्य तयारी वस्तुको उत्पादन लागत एवम् नाफा /नोक्सानको अनुमान गर्ने गराउने,

(च) वस्तु तथा सेवाको उत्पादनका लागि विस्तृत व्यावसायिक योजना तयार गर्ने एवम् त्यस्तो व्यावसायिक योजना स्वीकृत गराउने प्रक्रियाका लागि विद्यालय प्रशासन समक्ष पेश गर्ने,

(छ) प्रशिक्षक एवम् प्रशिक्षार्थीहरुको समूहलाई वस्तु उत्पादन तथा सेवा प्रवाहमा उत्प्रेरित गर्ने एवम् सो को नियमानुसार वितरणको लागि कार्ययोजना तयार गर्ने गराउने,

(ज) विभिन्न ट्रेड प्रमुखहरू बीच उत्पादन इकाइबाट उत्पादन हुन सक्ने उत्पादनका नवीनतम संभावनाहरुका वारेमा मासिक रुपमा छलफल गर्ने, गराउने र सञ्चालित उत्पादनका क्रियाकलापहरुमा अधिकतम रुपमा प्रशिक्षार्थीहरुलाई सहभागी गराउने ।